# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड २ मण्डनदेउपुर, साउन १५ गते, २०७५ साल संख्या ५


## भाग २

### मण्डनदेउपुर नगरपालिका

# मण्डनदेउपुर नगरपालिका मर्मत संभार कोष संचालन कार्यविधि, २०७५

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।३।२६
प्रमाणिकरण मिति २०७५।४।४

**प्रस्तावनाः**

नगरपालिकाको सडक,सिंचाई, भवन, पुल जस्ता भौतिक पुर्वाधारको दिगो विकासबाट सामाजिकर आर्थिक क्षेत्रको विकास गरी सुलभ यातायात,सिंचाइ तथा अन्य विकासका अवयवहरुको पहूँच निरन्तर र सुरक्षित रुपमा तल्लो तहसम्म पुऱ्याउन, निर्माण सम्पन्न भई सकेका सडक,सिचाई,भवन, पुल जस्ता पुर्वाधारको मर्मत सम्भार

र व्यवस्थापनलाई व्यवस्थित र दिगो बनाउन, मर्मत सम्भारमा नगरपालिकाको साथै निर्माण गर्ने पक्षलाई समेत जिम्मेवार बनाउनको लागि केहि रकम जम्मा गरि एउटा मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ल दिएको अधिकार प्रयोग गरी मर्मत–सम्भार कोष स्थापना गर्न मण्डनदेउपुर नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

# परिच्छेद – १ (एक)
# संक्षिप्त नाम र प्रारम्भ

## १. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्य विधिको नाम "मर्मत सभार कोष संचालन कार्यविधि २०७५"रहनेछ।

ख) यो कायविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ।

**२. परिभाषा** :विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा

क) "कार्य विधि"भन्नाले मर्मत सम्भार कोषसंचालन कार्य विधि,२०७५ लाई बुझाउनेछ।

ख) "नगरपालिका"भन्नाले मण्डन देउपुर नगरपालिकालाई बुझाउनेछ।

ग) "स्थानीय तह"भन्नाले मण्डन देउपुर नगरपालिका तथा अन्य नगरपालिका र गाउँपालिकालाई बुझाउनेछ।

घ) "उपभोक्ता समिति" भन्नाले नगरपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्येक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाउनेछ।

ङ) "कोष" भन्नाले मर्मत सम्भार कोषलाई बुझाउने छ ।

च) "मर्मत सम्भार" भन्नाले क्षति भएका, भत्केका, बिग्रेका भौतिक पुर्वाधारलाई तत्काल संचालन गर्ने गरि गरिने मर्मत, निर्माण, सुधार र व्यवस्थापनलाई बुझिनेछ ।

# परिच्छेद –२(दुई)
# कोषको अवधारणा, लक्ष्य, उदेश्य र नीति

## ३. अवधारणा :

क) नगरपालिका भित्रका सम्पुर्ण भौतिक पुर्वाधारको नियमित र निर्वाध संचालन गरि निरन्तर सेवा प्रवाह गर्न मद्दत पुऱ्याउनु नै यस कोष स्थापनाको मुल अवधारणा हो ।

## ४. लक्ष्य :

क) वर्षात, प्राकृतिक प्रकोप, दुर्घटना तथा निरन्तरको प्रयोगबाट बिग्रेका, भत्केका वा क्षति पुगेका सडक, पुल, सिंचाई, ढल तथा कल्भर्ट, सार्वजनिक भवन लगायतका भौतिक पुर्वाधार तथा संरचनाको मर्मत सम्भार गरि क्षति न्युनिकरण गर्नु कोषको लक्ष्य रहने छ ।

## ५. उदेश्य :

क) बिग्रे भत्केका पुर्वाधारको नियमित मर्मत तथा निर्माण गर्ने,

ख) आकस्मिक तथा विशेष परिस्थितिमा तत्काल मर्मत गरि सेवा सुचारु गर्ने ।

## ६. नीति :

क) बिग्रे भत्केका पुर्वाधारलाई आवश्यकता तथा प्राथमिकताका आधारमा मर्मत गरिनेछ,

ख) नियमित मर्मतबाट आइपर्नसक्ने क्षति तथा दुर्घटना कम गरिनेछ,

ग) मर्मतमा सम्वद्ध उपभोक्ताको सहभागितालाई प्राथमिकता दिइनेछ,

घ) प्रत्येक भौतिक पुर्वाधारका योजना संचालन गर्दा नै मर्मतको लागि केहि रकम कट्टि गरिनेछ,

# परिच्छेद – ३ (तीन)
# व्यवस्थापन समिति

## ७. व्यवस्थापन समिति

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न, मर्मत गर्न आवश्यक योजनाको छनौट गरि नगर कार्यपालिकामा पेश गर्न, आकस्मिक रुपमा मर्मत गर्नु पर्ने स्थीति तथा प्रकोपको समयमा मर्मत कार्यको सिफारिस गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहनेछः

१. नगरप्रमुख (अध्यक्ष)
२. प्रमुख प्रशासकिय अधिकृत (सदस्य)
३. वन, वातावरण तथा बिपद व्यवस्थापन समितिको संयोजक (सदस्य)
४. पुर्वाधार विकास समितिको संयोजक (सदस्य)
५. नगर कार्यपालिकाका सदस्यहरुमध्येबाट समितिले तोकेका १ जना महिला (सदस्य)
६. नगरपालिकाको प्राविधिक शाखा प्रमुख (सदस्य)
७. योजना शाखा प्रमुख (सदस्य सचिव)

ख)समितिको बैठक कम्तिमा ६ महिनामा एक पटक बस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ।

ग) वैठक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

घ) वैठकमा आवश्यकता अनुसार नगरपालिकाका कुनै पनि पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

# परिच्छेद- ४(चार)
# कोषको व्यवस्थापन तथा संचालन सम्वन्धि व्यवस्था

## ८. कोषको स्थापना :

८.१. मण्डन देउपुर नगरपालिकाको नाममा मर्मत सम्भार कोष नाम गरेको एउटा छुट्टै कोषको स्थापना गरिने छ ।

## ९.मर्मत सम्भार कोषमा जम्मा गरिने रकम :

९.१. नगरपालिकाको संचित कोषबाट पहिलो पटक रु ५0,५0,000।00 (रु. पचास लाख पचास हजार मात्र) मर्मत सम्भार कोषमा जम्मा गरिने छ । साथै नियम ९.२ बमोजिमका अन्य स्रोतबाट मर्मत सम्भारको लागि प्राप्त रकम यस खातामा जम्मा हुनेछ ।

९.२ मर्मत सम्भार कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

क) मर्मत सम्भारको लागि नेपाल सरकारबाट प्राप्त हुने रकम।

ख) मर्मत सम्भारको लागि प्रदेश सरकारबाट प्राप्त हुने रकम।

ग) मर्मत सम्भारको लागि प्रत्येक वर्ष नगरसभाबाट विनियोजित भएको रकम।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट मर्मत सम्भारको लागि प्राप्त हुने रकम।

ङ) नगरपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकममा ५%ले कट्टि हुन आउने मर्मत सम्भारको कट्टि रकम।

च) ऋणबाट मर्मत सम्भारको लागि प्राप्त हुने रकम।

छ) अन्य स्थानीय तह तथा स्रोतबाट मर्मत संभार वापत प्राप्त हुने रकम।

## १०. कोष सञ्चालन

क) कोषको लक्ष्य तथा उदेश्य प्राप्त गर्न मण्डन देउपुर नगरपालिका स्वयंले कोषको व्यवस्थापन गर्नेछ ।

ख) नियम ११ मा परिभाषित बमाजिमका भौतिक पुर्वाधारको मर्मत तथा संभारमा बाहेक अन्य प्रयोजनमा यस कोषको रकम प्रयोग गर्न पाइने छैन ।

ग) कोषको आर्थिक तथा प्रशासनिक कार्य संचालन नगर कार्यपालिकाको कार्यालयका तोकिएका कर्मचारीबाट हुनेछ ।

घ) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको सयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

घ) कोषको आर्थिक व्यवस्थापन प्रचलित आर्थिक प्रशासन सम्वन्धि कानुन बमोजिम हुनेछ ।

ङ) कोषबाट खर्च भएको रकमको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ । कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लखा परिक्षण शाखाले गर्नेछ।

च) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

# परिच्छेद – ५ (पाँच)
# खर्च प्रणाली तथा योजना छनौट

## ११. कोषको खर्च प्रणाली

मर्मत सम्भार कोषमा जम्मा हुन आएका र कम देहाय बमोजिमको पूर्वाधार बिकासका नियमित,पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछ:

क) सडक,कल्भर्ट,पूल,ढल आदिको मर्मत सम्भार सम्बन्धी कार्य।

ख) सिचाई,खानेपानी,विद्युत,सार्वजनिक स्थलका मर्मत संम्भार सम्बन्धी कार्य।

ग) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य।

घ) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुका मर्मत संभार सम्बन्धी कार्य।

ङ) भौतिक पुर्वाधारका आकस्मिक मर्मत सम्भार कार्य ।

## १२. मर्मत सम्भारको लागि योजना छनौटको मापदण्ड :

उपभोक्ता समिति, वडाकार्यालय,विद्याल यव्यवस्थापन समिति, टोल विकास संस्था आदि बाट नियमित,पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका र नगरपालिकाले आवश्यक ठानेका मर्मत योजनाहरु देहायका आधारमा प्राथमिकता निर्धारण गरो नगर कार्यपालिकाबाट योजना छनौट गर्नु पर्नेछ।

क) सबै भन्दा बढी क्षति भएका भौतिक संरचनाहरु।

ख) नगर यातायात गुरुयोजनामा पाथमिकतामा परेका नगर तथा वडा स्तरीय मुख्य सडकहरु।

ग) भौतिक संरचना तथा पूर्वाधारका महत्वको आधारमा।

घ) लाभान्वित हुने जनसंख्या वा घरधुरीको आधारमा।

ङ) मर्मत सम्भार बाट हुने आर्थिक लाभको आधारमा।

च) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यकताका आधारमा।

छ) दुई वा दुई भन्दा वढि स्थानीय तहलाई जोडने सडक,कृषिसडक,ग्रामिण सडक, पुलपुलेसा, कल्भर्ट,कुलो, पैनी,बाँध आदि ।

## १३. मर्मत सम्भार कार्य गराउने व्यवस्था :

क) नगरभित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत संम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाइ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

ख) नगरपालिका क्षेत्र भित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ।

ग) कुनै उपभोक्ता समितिबाट निर्माण भएको पुर्वाधारको मर्मत सम्भार कार्य सम्भव भए सोही उपभोक्ता समितिबाट गराइनेछ ।

घ) यस्ता मर्मत सम्भार कार्य अनिवार्य रुपमा प्राविधिक लगत स्टमेटको आधारमा गरिने छ ।

ङ) निर्माण अवधिमा ५% मर्मत सम्भार कोष कट्टि गरिएका योजनालाई नगरपालिकाका मर्मत सम्भार कोषबाट थप ५% रकम थप गरि मर्मतको काम गराइनेछ । तर आवश्यकता अनुरुप नगरकार्यपालिकाले निर्णय गरि थप रकम समेत विनियोजित गर्न सक्नेछ ।

च) मर्मत कार्यको लगत स्टमेट तयार गर्दा नियमानुसारको उपभोक्ताको योगदान रकमको समेत समावेश गरि लगत स्टमेट तयार गर्नु पर्नेछ ।

छ) शुरुमा प्रथम पटक ५% मर्मत सम्भार कोष कट्टि नगरिएका योजनालाई नगरसभा वा कार्यपालिकाले विनियोजित गरेको बाराबरको रकमबाट यसै कार्यविधि बमोजिम मर्मत सम्भार गराउन कुनै बाधा पर्ने छैन ।

# परिच्छेद – ६ (छ)
# संसोधन, बचाउ र खारेजी

## १४. संसोधन, बचाउ र खारेजी :

क) मर्मत सम्भार कोष संचालन कार्यविधि संसोधन वा खारेज गर्न आवश्यक देखेमा नगर कार्यपालिकाले संसोधन वा खारेज गर्न सक्नेछ ।

ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यस कार्यविधि अनुसार र उल्लेखन भएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

ग) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ सँगबाझिएको हदसम्म स्वतःनिष्कृय हुनेछ।

घ) कोष खारेज भएमा कोषमा रहेको सम्पति तथा दायित्व स्वत नगरपालिकामा सर्नेछ ।